नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको

# निर्वाचन आचारसंहिता, २०८१

नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, निष्पक्ष र विश्वसनीय बनाउनका लागि निर्वाचन समिति, २०८१ बाट नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचन आचारसंहिता, २०८१ जारी गरी लागू गरिएको छ ।

## परिच्छेद - १ (एक)
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो आचारसंहिताको नाम 'नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचन आचारसंहिता, २०८१' रहेको छ ।

(२) यो आचारसंहिता तुरुन्त प्रारम्भ भई लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा–

(क) 'विधान' भन्नाले नेपाल बार एशोसिएशनको विधान, २०४८ (संशोधन सहित) सम्झनुपर्छ ।

(ख) 'विनियम' भन्नाले नेपाल बार एशोसिएशनको विनियम, २०४९ सम्झनुपर्छ ।

(ग) 'केन्द्रीय कार्यसमिति' भन्नाले नेपाल बार एशोसिएशनको केन्द्रीय कार्यसमिति सम्झनुपर्छ ।

(घ) 'निर्वाचन समिति' भन्नाले विधानको धारा ४५ बमोजिम केन्द्रीय कार्यसमितिबाट गठित निर्वाचन समिति सम्झनुपर्छ । सो शव्दले स्थानिय निर्वाचन समितिलाई समेत जनाउछ ।

(ङ) 'निर्वाचन अधिकृत' भन्नाले निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(च) 'स्थानिय निर्वाचन समिति' भन्नाले निर्वाचन समितिबाट गठित प्रत्येक मतदान केन्द्रको निर्वाचन उपसमिति सम्झनुपर्छ ।

(छ) 'मतदान अधिकृत' भन्नाले प्रत्येक मतदानकेन्द्र र उपकेन्द्रका लागि निर्वाचन समितिबाट नियुक्त मतदान अधिकृत सम्झनुपर्छ ।

(ज) 'मतदाता' भन्नाले विधानको धारा ६ अनुसार नेपाल बार एशोसिएशनको सदस्यता प्राप्त गरी धारा २५(१) अनुरूप कम्तीमा दुई आर्थिक वर्षदेखि सदस्य रही प्रत्येक वर्ष सदस्यता नवीकरण गरेको कानून व्यवसायी र वरिष्ठ अधिवक्ता र अधिवक्ताको हकमा विधानको धारा ५(१)ख) बमोजिमको योग्यता कायम रहेको कानून व्यवसायी सम्झनुपर्छ ।

(झ) 'उमेदवार' भन्नाले केन्द्रीय कार्यसमितिको निर्वाचनमा उमेदवारी दिई उमेदवारको अन्तिम नामावलीमा कायम रहेका पदाधिकारी र सदस्यका उमेदवारहरूलाई सम्झनुपर्छ ।

(ञ) 'कर्मचारी' भन्नाले निर्वाचन समिति र स्थानिय निर्वाचन समितिमा कार्यरत नेपाल बार एशोसिएशन वा एकाइका कर्मचारी वा निर्वाचन समिति र स्थानीय निर्वाचन समितिले निर्वाचन् अवधिभरका लागि नियुक्त गरेका अन्य कर्मचारीलाई जनाउँछ ।

नेपाल बार एशोसिएशन निर्वाचन समिति २०८१ Nepal Bar Association

## परिच्छेद - २ (दुई)
## उमेदवारहरूले पालना गर्नुपर्ने आचरण

३. नेपाल बार एशोसिएशन केन्द्रीय कार्यसमितिको निर्वाचनका उमेदवार तथा निजहरूसँग सम्बन्धित व्यक्तिहरूले निर्वाचन अभियान सञ्चालन गर्दा-गराउँदा देहायका आचरणहरू पालना गर्नु-गराउनु पर्नेछ :-

(१) मानवअधिकार, कानूनीराज र स्वतन्त्र न्यायपालिकाको प्रतिकूल हुने गरी निर्वाचन प्रचार प्रसार गर्नु-गराउनु हुँदैन ।

(२) कुनै धर्म, सम्प्रदाय, जात-जाति, लिङ्ग, भाषा, समुदाय वा प्रादेशिकताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने गरी निर्वाचन प्रचार-प्रसार गर्नु-गराउनु हुँदैन ।

(३) निर्वाचन प्रचार-प्रसारको सन्दर्भमा प्रयोग गरिने भाषा शिष्ट र मर्यादित हुनुपर्छ ।

(४) उमेदवार वा तिनका समर्थकहरूले अरू उमेदवारहरूले आयोजना गरेको जुलुस वा सभा बिथोल्न वा त्यसमा बाधा पुऱ्याउन हुँदैन ।

(५) अरू उमेदवारहरूलाई प्रतिकूल असर पर्नेगरी उही समय, स्थान र मार्गमा जुलुस, ऱ्याली वा सभा आयोजना गर्न पाइने छैन ।

(६) निर्वाचनको दिन मतदान शुरु हुनुभन्दा २४ घण्टा अघिदेखि मतदानको काम पूरा नभएसम्म मतदान केन्द्र-क्षेत्र भित्र कुनै प्रकारले प्रचार-प्रसार गर्नु-गराउनु वा प्रचार गरेको अर्थ लाग्ने कुनै गतिविधि गर्नु हुँदैन ।

(७) कसैले पनि कुनै किसिमको डर-त्रास/धाक-धम्की दिई वा बल प्रयोग गरी वा प्रलोभन दिई निर्वाचन अधिकृत, मतदान अधिकृत, निर्वाचन पर्यवेक्षक, निर्वाचन स्वयम्सेवक, उमेदवार वा निर्वाचनसँग सम्बद्ध व्यक्ति, कर्मचारी वा शान्ति-सुरक्षा कायम गर्ने जिम्मेवारीमा रहेका सुरक्षाकर्मीलाई आफ्नो कर्तव्य पालन गर्नबाट विचलित गर्नु-गराउनु हुँदैन ।

(८) कसैले पनि मतदातालाई डर-त्रास/धाक-धम्की वा प्रलोभन दिने वा धर्म भकाउने जस्ता काम गरी निजको इच्छा विपरीत मतदान गर्न वा नगर्न बाध्य गर्नु-गराउनु हुँदैन ।

(९) कसैले पनि कुनै किसिमको डर-त्रास/धाक-धम्की दिई वा बल प्रयोग गरी कुनै पनि उमेदवारलाई निर्वाचनको प्रचार-प्रसार गर्न नपाइने गरी रोक्ने, थुन्ने, छेक्ने वा निर्वाचनमा प्रत्यक्ष वा परोक्ष रूपबाट असर पर्न सक्ने गरी कुनै पनि किसिमको काम कारबाही गर्नु-गराउनु हुँदैन ।

(१०) निर्वाचन बिथोल्ने वा निर्वाचन प्रति वितृष्णा पैदा हुने वा निर्वाचनमा भ्रम सिर्जना हुने वा निर्वाचनमा अवरोध हुने गरी कुनै कार्य गर्नु-गराउनु हुँदैन ।

(११) मतदाताहरूलाई मतदान गर्न जान वा मतदान गर्नबाट वञ्चित गराउने अभिप्राय द्वारा कुनै पनि किसिमले अवरोध वा थुनछेक गर्नु-गराउनु हुँदैन ।

(१२) कुनै पनि उमेदवार वा निजका प्रतिनिधि वा समर्थक वा कुनै व्यक्तिले बल प्रयोग गरी वा डर-त्रास देखाई वा धम्की दिई वा प्रलोभनमा पारी मतदान केन्द्र आफ्नो कब्जामा लिनु वा मतपत्र वा मतपेटिका वा मतदान सामग्री जबर्जस्ती कब्जामा लिनु वा खोस्नु वा नास्नु हुँदैन ।

(१३) मतदातालाई प्रभाव पार्ने उद्देश्यले कुनै प्रकारले नगद वा जिन्सी वा कुनै पनि किसिमको उपहार लिनु र दिनु हुँदैन ।

(१४) मतदातालई प्रभाव पार्ने उद्देश्यले भोज भतेरको आयोजना गर्न-गराउन वा मादक पदार्थको सेवन गरी निर्वाचन क्षेत्र भित्र प्रवेश गर्नु हुँदैन ।

(१५) पेसागत मर्यादा प्रतिकूलको कुनै कार्य गर्नु-गराउनु हुँदैन ।

नेपाल बार एशोसिएशन निर्वाचन समिति २०८१ Nepal Bar Association

(१६) कुनै उमेदवारको आलोचना गर्दा त्यस्तो उमेदवारको घोषणापत्र वा प्रतिबद्धता-पत्र एवं नीति तथा कार्यक्रममा मात्र सीमित रहनु पर्नेछ ।

(१७) उमेदवारले आफ्ना प्रतिनिधि तथा समर्थकहरूलाई निर्वाचन सम्बन्धी आचार संहिताको पूर्णरूपमा जानकारी गराई सोको पालना गर्न-गराउन लगाउनु पर्नेछ । आफ्ना प्रतिनिधि वा समर्थकबाट आचार संहिता उल्लङ्घन भएमा सोको जिम्मेवारी उमेदवार स्वयम्ले लिनुपर्नेछ ।

(१८) निर्वाचनको क्रममा निर्वाचन समिति र निर्वाचन उपसमितिले दिएको आदेश तथा निर्देशलाई सबैले पूर्णरूपमा पालना गर्नु-गराउन पर्नेछ ।

(१९) मतदान केन्द्र र त्यसको वरिपरि निर्वाचनको प्रचार-प्रसार सँग सम्बन्धित कुनै कुरा टाँस्नु वा टाँस्न लगाउनु वा लेख्नु वा लेख्न लगाउनु, बाँड्न हुँदैन ।

(२०) निर्वाचन समिति वा निर्वाचन उपसमितिद्वारा प्रकाशित सूचना वा निर्वाचन सामग्रीलाई कसैले बिगार्न, नास्न, केरमेट गर्न वा अन्य कुनै किसिमबाट थपघट गर्न-गराउन वा विकृत तुल्याउन हुँदैन ।

२१) मतदान स्थल वरिपरी उमेदवार वा निजको प्रचारकले प्रचार सामाग्री फाल्न वा अरु कुनै तरिकाले फोहोर गर्न हुदैन, गरेमा सम्बन्धित उमेदवारले जिम्मेवारी लिनुपर्नेछ । साथै, कुनै निकायले सोही कारणबाट जरिवाना गरेमा निजले नै तिर्नु बोहोर्नु पर्नेछ ।

२२) मतदानको दिन उमेदवार वा निजको प्रतिनिधी, समर्थक कसैले प्रचार गर्ने उद्देश्यले कुनै सामाग्री जस्तैः व्याज, टोपी, टिसर्ट, पोशाक, चिन्ह लगाउन वा प्रयोग गर्न हुदैन । तर, निर्वाचन समितिले दिएको परिचय पत्र लगाउन बाधा पर्ने छैन ।

## परिच्छेद - ३ (तीन)
## निर्वाचनका सबै पक्षले पालना गर्नुपर्ने आचरण

४. केन्द्रीय कार्यसमितिको निर्वाचनमा निर्वाचनका सबै पक्षले देहायका आचरणहरू पालना गर्नु-गराउनु पर्नेछ–

(१) निर्वाचन अधिकृतले कुनै पनि उमेदवारको पक्ष वा विपक्षमा अनुकूल वा प्रतिकूल प्रभाव पर्ने कार्य गर्नु-गराउनु हुँदैन ।

(२) मतदाताले आफु वा अरुको मतपत्रको फोटो खिच्न वा भिडियो बनाउन वा फोनमा कुराकानी गर्न, आफु वा अरु कसैले कसलाई मत दिएको छ भन्ने देखिने गरी प्रत्यक्ष प्रशारण गर्न पाउने छैन ।

(३) विधान, विनियम र यस आचार संहिताको अक्षरस पालना गरी मतदाताले मतदान गर्नु पर्नेछ ।

(४) आचारसंहिताको पालना भए/नभएको सम्बन्धमा निर्वाचन समितिले आवश्यकता अनुसार अनुगमन टोलीहरू गठन गरी पर्यवेक्षकद्वारा जाँचबुझ र अनुगमन गर्ने-गराउनेछ ।

(५) आचार संहिताको उल्लङ्घन सम्बन्धमा उमेदवार वा कुनै व्यक्तिले लिखित/मौखिक वा विद्युतीय सन्चार माध्यमबाट निर्वाचन समिति वा स्थानीय निर्वाचन समिति वा मतदान अधिकृत वा अनुगमन टोली समक्ष जानकारी दिन सक्नेछ ।

(६) आचारसंहिता उल्लङ्घन सम्बन्धी लिखित वा मौखिक जानकारी वा निवेदन प्राप्त भई आचार संहिता पालना नभएको वा उल्लङ्घन गरेको देखिएमा त्यस्तो काम तुरुन्त रोक्न वा बदर गर्नको लागि निर्वाचन समितिले सम्बन्धित उमेदवार, प्रतिनिधि, समर्थक, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आदेश दिन सक्नेछ ।

नेपाल बार एशोसिएशन निर्वाचन समिति २०८१ Nepal Bar Association

(७) आचार संहिता उल्लङ्घन भएको देखिए वा पाइएमा निर्वाचन समिति वा मतदान अधिकृत वा अनुगमन टोलीले आवश्यकता अनुरूप स्थानीय प्रशासन वा प्रहरीको सहयोग लिई सोको रोकथामका लागि तत्काल आवश्यक कारबाही गर्नुपर्नेछ ।

(८) आचारसंहिता उल्लङ्घन सम्बन्धी कारबाहीका विवरणहरू स्थानिय निर्वाचन समिति वा मतदान अधिकृत वा अनुगमन टोलीले निर्वाचन समिति समक्ष तुरुन्त पठाउनु पर्नेछ ।

(९) स्थानीय निर्वाचन समिति, मतदान अधिकृत, निर्वाचन स्वयम्सेवक वा कर्मचारीले आचारसंहिता उल्लङ्घन गरेमा अनुगमन टोलीले आवश्यक कारबाहीका लागि निर्वाचन समिति समक्ष लेखी पठाउनु पर्नेछ ।

## परिच्छेद - ४ (चार)

## विविध

५. विधान र विनियम बमोजिमै हुने : यस आचार संहिताको कुनै कुरा नेपाल बार एशोसिएशनको विधान, २०४८ वा नेपाल बार एशोसिएशनको विनियम, २०४९ सँग बाझिएमा सो हदसम्म आचार संहिताको प्रावधान अमान्य भई विधान र विनियम बमोजिमै हुनेछ ।

६. बाधा-अड्काउ फुकाउने : यस आचारसंहिताको कार्यान्वयनमा कुनै बाधा-अड्काउ आइपरेमा निर्वाचन समितिले उपयुक्त आदेश जारी गरी त्यस्तो बाधा-अड्काउ फुकाउन सक्नेछ ।

| | | | | |
|---|---|---|---|---|
| चन्द्र बहादुर शाही | सेवन्त राज निरौला | तेज नाथ धमला | तारा बहादुर सिटौला | रामकृष्ण निराला |
| निर्वाचन अधिकृत | निर्वाचन अधिकृत | निर्वाचन अधिकृत | निर्वाचन अधिकृत | प्रमुख निर्वाचन अधिकृत |

नेपाल बार एशोसिएशन
निर्वाचन समिति
२०८१
Nepal Bar Association

जारी मिति : २०८१ चैत ३ गते ।